दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक ३०४ | बुटवल | २०८२ कात्तिक २८ गते, शुक्रबार | नेपाल संवत ११४६ | Friday November 14, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पु¥याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

## खापुङलाई विदेश जान रोक

बुटवल । निवर्तमान आइजीपी चन्द्रकुबेर खापुङलाई विदेश भ्रमणमा रोक लगाउने गरी जेनजी घटनाको छानबिन तथा जाँचबुझ आयोगले पत्राचार गरेको छ ।

बिहीबारदेखि नै लागू हुने गरी उनको विदेश भ्रमणमा रोक लगाइ उपत्यका बाहिर जानसमेत आयोगको स्वीकृत लिनुपर्ने गरी पत्राचार गरिएको आयोगका सदस्य एवम् प्रवक्ता विज्ञान राज शर्माले जानकारी दिए। आयोगले उनलाई बयानका लागि जतिबेला पनि बोलाउन सक्ने भन्दै बोलाएको बेलामा उपस्थित हुनुपर्ने पनि भनेको छ ।

यसअघि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, तत्कालीन गृहमन्त्री रमेश लेखकसहितलाई पनि विदेश भ्रमणमा रोक लगाइ उपत्यका छाड्नुपर्ने अवस्थामा अनुमति लिनुपर्ने निर्णय आयोगले गरिसकेको छ । खापुङ बुधबार राति १२ बजेदेखि सेवाअवधि पूरा गरी नेपाल प्रहरीबाट सेवानिवृत्त भएका हुन् ।

## प्रगतिशील राष्ट्रिय अभियानको ३१ सदस्यीय केन्द्रीय संयोजन समिति

बुटवल । नेकपा माओवादी केन्द्र छाडेका नेता जनार्दन शर्मा नेतृत्वको प्रगतिशील राष्ट्रिय अभियानले फागुन २१ मा निर्वाचन गर्नुको विकल्प नरहेको बताएको छ ।

बिहीबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै अभियानले फागुन २१ मा निर्वाचन गर्नुको विकल्प नरहेको बताएको हो । पत्रकार सम्मेलनका क्रममा बोल्दै पूर्वमन्त्री सुदन किराँतीले फागुन २१ मा कुनै पनि हालतमा निर्वाचन हुनुपर्ने बताए ।

नेपालको संविधान यतिबेला ट्र्याकभन्दा बाहिर रहेको भन्दै ट्र्याकमा फर्काउन निर्वाचनको विकल्प नभएको उनले बताए । लोकतन्त्रमा निर्वाचन बाहेक अर्को उपाय हुन नसक्ने उनको भनाइ छ ।

आगामी निर्वाचनबाट विगत ३५ वर्षयता सत्तामा रहेका अनुहारलाई विस्थापन गर्नुपर्ने जरुरी रहेको पनि बताए ।

'फागुन २१ गते कुनै पनि हालतमा निर्वाचन हुनैपर्छ । नेपालको संविधान यतिबेला ट्र्याकभन्दा बाहिर छ । त्यसलाई हामीले ट्र्याकमा फर्काउनै पर्छ । लोकतन्त्रमा निर्वाचन बाहेक अर्को उपाय हुनै सक्दैन,' उनले भने-'त्यो निर्वाचनमा एउटै अनुहार विगत ३५ वर्षदेखि एउटै अनुहार म्युजिकल चियरको रुपमा गेम खेलिरहेका अनुहारलाई नेपाली जनतासँग एकताबद्ध भएर बिदा गर्नेछौं ।'

किराँतीले नेपालमा असमानता, गरिबीको अन्त्य गर्न चाहनेहरुसँग एकता हुने बताए । नेपाली कम्युनिस्ट पार्टीसँग कुनै एकता नहुने उनको दाबी छ । आजको आवश्यकता रुपान्तरण र पुस्तान्तरणको भएको पनि उनले बताए ।

प्रगतिशील राष्ट्रिय अभियानले केन्द्रीय संयोजन समिति बनाएको छ । पूर्वमाओवादीका केन्द्रीय सदस्य, विद्यार्थी नेतादेखि पूर्वजनमुक्ति सेना, वाइसीएल, पत्रकारलगायतलाई समेटेर ३१ सदस्यीय संयोजन समिति बनाइएको हो ।

बिहीबार पत्रकार सम्मेलनमा दिइएको जानकारी अनुसार संयोजन समितिमा सुदन किराँती, मदन भट्टराई, मदन लिम्बू, सम्झना राई, पुजन सिंह, अरविद्र यादव, लक्ष्मी गुरुङ र प्रकाशचन्द्र पाण्डे रहेका छन् ।

यसैगरी राजु ओलमगर, सन्तोष विष्ट, प्रेमबहादुर तामाङ, यज्ञबर्मा शर्मा, क्षितिज सापकोटा, बाबुराम नेपाली, किस्मतकुमार विक, सन्दिप पुन र यगेन्द्र ढकाल रहेका छन् ।

यस्तै नारायणी शर्मा, भीमबहादुर मल्ल, गोरखबहादुर केसी, जटिल कार्की, देवीराम देवकोटा, जन्मेदव जैसी, टेकेन्द्र भट्ट, दीपक साउद, पुष्प न्यौपाने, डा. अच्युत भट्ट, विमल सिंह, निर्मला गौतम, रामहरि पुडासैनी र धर्मराज खतिवडा रहेका छन् ।

नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीबिच कात्तिक १९ गते एकता हुने भएपछि त्यसको एकदिन अगाडिनै नेता जनार्दन शर्मा, राम कार्कीलगायत नेताहरूले अभियान घोषणा गरेका थिए । बुधबार मात्र माओवादीका पूर्व केन्द्रीय सदस्यहरू लक्ष्मण पन्त, ओम शर्मा लगायत १० जनाले विज्ञप्ति जारी गरी प्रगतिशील राष्ट्रिय अभियानमा जोडिएको घोषणा गरेका थिए ।

## निष्पक्ष र भयरहित चुनाव गराउन संसदीय समितिको निर्देशन

बुटवल । संसदीय समितिले आगामी प्रतिनिधिसभा सदस्य निर्वाचन निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन सरकारलाई निर्देशन दिएको छ । बिहीबार सिंहदरबारमा बसेको राष्ट्रियसभाअन्तर्गतको संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिले सरकारलाई भयरहित वातावरणमा निर्वाचन सम्पन्न गराउन निर्देशन दिएको हो ।

सरकारको तर्फबाट समितिमा गृहमन्त्री ओमप्रकाश अर्याल सहभागी थिए । मन्त्री अर्यालसँग समितिले आगामी निर्वाचनको तयारीबारे जानकारी लिएको छ ।

समितिको तर्फबाट निर्देशन दिँदै समिति सभापति सोनाम गेल्जेन शेर्पाले आगामी निर्वाचन स्वच्छ, निष्पक्षका साथ पूर्णरुपमा सम्पन्न गर्नको लागि प्रहरीको मनोबल उच्च बनाउँदै जेनजी आन्दोलनका क्रममा लुटिएका हतियारहरु संकलन गर्न र हात हतियार लुट्नेहरुको खोजि गरी कारबाहीको दायरामा ल्याउन निर्देशन दिए ।

कारागारबाट भागेका कैदीबन्दीलाई पुनः कारागारमा ल्याइ मुलुकमा भयरहित वातावरण सिर्जना गर्न नेपाल सरकार र गृहमन्त्रालयलाई उनले निर्देशन दिए ।

'आगामी निर्वाचन स्वच्छ, निष्पक्षका साथ पूर्णरुपमा सम्पन्न गर्नको लागि प्रहरीको मनोबल उच्च बनाउँदै जेनजी आन्दोलनका क्रममा लुटिएका हतियारहरु संकलन गर्न र हात हतियार लुट्नेहरुको खोजी गरी कारबाहीको दायरामा ल्याउन, जेलबाट भागेका फरार कैदीबन्दीलाई पुनः जेलमा ल्याइ मुलुकमा भयरहित वातावरण सिर्जना गर्न नेपाल सरकार र गृहमन्त्रालयलाई निर्देशन दिने ।'- उनले समितिको निर्णयबारे जानकारी गराउँदै भने ।

समितिले शान्ति सुरक्षाको अवस्था र आगामी निर्वाचनको तयारी सम्बन्धमा सरकारसँग छलफल गरेको हो ।

### मतदाता नामावली दर्ता :

# छैन राजनीतिक दलको चासो, जेनजी पुस्ता स्वतःस्फुर्त जाँदै



**मोहम्मद हबिब**

*भैरहवा*

निर्वाचनको मिति घोषणा भएपछि विगतको निर्वाचन जस्तो यस पटक राजनितिक दलहरुको सक्रियता कम देखिएको छ । गाउँगाउँ टोल टोलबाट स्थानीय नेता र राजनीतिक दलहरुले बिगतमा जस्तो यस पटक मतदाता नामावली दर्ताको लागि चासो दिएका देखिंदैन । पहिला गाडी नै रिजर्व गरेर झण्डासहित समूह समूहमा आउने दृश्यहरु यस वर्ष देखिंदैन । ठाउँठाउँमा खाना पकाउने, होटलमा खाना खुवाएर मतदाता नामावलीका लागि आउने नेता र अगुवाहरु यस पटको नामावली दर्ताको अभियानमा देखिंदैनन् ।

जेनजी आन्दोलनपछि राजनीतिक दलको उपस्थित खुला रुपमा कमै मात्रामा र सानो संख्यामा भइरहेको छ । निर्वाचन कार्यालयमा पनि नयाँ मतदाता नामावलीमा नाम दर्ता गर्ने क्रम धमाधम भइरहँदा दलका प्रतिनिधिहरुले विगतमा जसरी यसतर्फ खासै चासो दिएका छैनन् । पहिला साना-ठूला राजनीतिक दलहरुले गाडी नै रिजर्भ गरेर मतदाता नामावलीमा नाम दर्ता गराउन आउँथे, तर यसपटक दलहरुको सक्रियता नदेखिएको स्थानीयहरु बताउँछन् ।

रुपन्देहीमा मात्रै होइन अन्य जिल्लामा पनि यो दृश्य कमै देख्न सकिन्छ । नेताहरुको उपस्थिति नभएपछि अहिले जेनजी पुस्ताहरु आफै स्वतःस्फुर्त रुपमा मतदाता नामावली दर्ताका लागि कार्यालय आउने गरेका छन् ।

नेकपा एमाले जिल्ला उपाध्यक्ष हितराज पन्थीले नाम दर्ता र अद्यावधिकका लागि वडा वडामा काममा लाग्न भनिएको बताए । यो परिस्थिती नसंगलेको कारण चुनावै भैहाल्छ कि भन्ने कुरामा शंका भएकोले पनि हो । अध्यावधिक कार्यमा भने नियमित रहेको बताए ।

नेपाली कांग्रेस रुपन्देही क्षेत्र नम्बर ३ का सभापति सुशिल गुरुङले विगतको चुनावमा स्थानीय तहको पनि चुनाव भएकोले स्थानीय नेता र सम्भावित उम्मेदवारहरुको अग्रसरता बढी हुन्थ्यो र खर्च गरेर भए पनि नामावली दर्ताका लागि लैजाने गरिन्थ्यो । अहिले संघीय चुनाव भएकोले केन्द्रबाट नै वडा वडामा मतदाता नामावली अपडेट गराउनका लागि परिपत्र गरेकोले सबै वडामा पठाइएको उनले बताए ।

नेकपा माओवादी केन्द्रका लुम्बिनी प्रदेश सचिवालय सदस्य डार्बिन रोक्काले पहिला मतदाता नामावलीमा धेरैको नाम छुटेकोले अभियानको रुपमा विगतमा संगठन परिचालन गरि गाउँ र टोल टोलबाट दर्ताको पठाउँथ्यो । अहिले पनि अभियान जारी छ, तर पहिला जस्तो संख्यामा नभएकोले छुटफुटलाई मात्रै ल्याउने काम भइरहेको बताए । पार्टीले पनि ६ महिना अघि नै सबै सदस्यलाई अनिवार्य बसाईसराइ गरी अद्यावधिक गर्न पनि निर्णय गरेको बताए ।

लोसपा नेपालका रुपन्देही अध्यक्ष रविकुमार रौनियारले निर्वाचनका लागि पार्टी तयार छ र मतादाता नामावलीमा छुटेकाको नामदर्ता र अद्यावधिकको काममा पार्टी लागेको बताए । सरकारले नागरिकको शान्ति सुरक्षाको ग्यारेन्टी गर्ने वातावरण नबनाएकोले चुनावको लागि माहोल सृजना नभएको र पार्टीगत रुपमा पनि नामावली दर्ता गराउन सबैलाई आग्रह गरेको उनले जनाए ।

दर्ताको समय सकिना लाग्दा जिल्ला निर्वाचन कार्यालयमा सेवाग्राहीको भिड बढेको छ । आगामी २१ फागुनका लागि तोकिएको प्रतिनिधिसभा चुनावको लागि मतदाता नामावलीमा नाम दर्ता गराउने अन्तिम समय कात्तिकल ३० सम्म हो । अब केही दिन मात्र समय बाँकी रहेकाले जिल्ला निर्वाचन कार्यालयहरूमा सेवाग्राहीको भिड लागेको हो । एकातिर सेवाग्राहीको भिड, अर्कोतिर निर्वाचन आयोगको सर्भर बारम्बार डाउन भएकाले सेवाग्राही भने मारमा परेका छन् ।

नामावली दर्ताका लागि जिल्ला निर्वाचन कार्यालय रुपन्देही अगाडि विगत ३ दिनदेखि लामो लाइन लाग्दैछ । आयोगले ८ सय बढी मतदाता नामावली दर्ता भएको जिल्लामा १२ घण्टासम्म सेवा दिने भनेपछि रुपन्देहीमा पनि बिहान ७ बजेदेखि साझ ७ बजेसम्म मतदाता नामावली दर्ताको काम भइरहेको जिल्ला निर्वाचन कार्यालयका प्रमुख कल्पना अर्यालले जानकारी दिइन । अर्यालले उत्साहपूर्वक रुपमा नागरिकको सहभागिता रहेको छ, जसमा धेरै जेनजी पुस्ताको सहभागिता छ ।

कार्यालयमा मात्रै होइन निर्वाचन कार्यालय अगाडि रहेका अनलाइन फारम भर्ने ठाउँमा पनि भिडभाड छ । बारम्बर सर्भर डाउन भएकाले फारम भर्नै समस्या भएको गुनासो सेवाग्राहीको छ । सर्भर डाउन भइरहेकाले सेवा प्रवाहमा ढिलाइ भएको गुनासो आएपछि आयोग सेवा प्रवाहको गुनासो सहजीकरण र सरलीकरणका लागि उप-सचिव कुलबहादुर जिसीको संयोजकत्वमा शाखा अधिकृत दिपक पौडेल र कम्प्युटर इञ्जिनियर प्रिता दहाल सदस्य रहेकी छन् । मतदाता नामावली दर्ता तथा अद्यावधिक कार्य शीघ्र सहजीकरणका कलागि यो कार्यटोली खटिएको छ ।

» *बाँकी २ पेजमा*

## आगामी वर्ष नेपालको आर्थिक वृद्धि दर २.१ प्रतिशतमा झर्ने

बुटवल । राजनीतिक संक्रमणका कारण आगामी वर्ष नेपालको आर्थिक वृद्धि सुस्त हुने विश्व बैंकले जनाएको छ । गत भदौको जेनजी आन्दोलन र त्यसपश्चात् छाएको राजनीतिक अस्थिरताको प्रभावले नेपालको आर्थिक वृद्धिदर सन् २०२६ मा २.१ प्रतिशतमा झर्ने विश्व बैंकले प्रक्षेपण गरेको हो । सन् २०२५ नेपालको आर्थिक वृद्धिदर ४.६ प्रतिशत रहेको छ । त्यस्तै, सन् २०२७ मा भने पुनर्निर्माणका प्रयासमा हुने प्रगतिले आर्थिक वृद्धिदर बढ्ने विश्व बैंकको आँकलन छा सन् २०२७ मा आर्थिक वृद्धिदर ४.७ प्रतिशत पुग्ने अनुमान छ । विश्व बैंकले बिहीबार सार्वजनिक गरेको नेपाल डेभलपमेन्ट अपडेट प्रतिवेदनमा सबैभन्दा बढी सेवा क्षेत्र प्रभावित हुने आकलन गरिएको छ । यद्यपि यो प्रक्षेपण अझै पनि अनिश्चित रहेको छ ।

राजनीतिक परिवर्तनको सफलता र दिगो सुदृढ आर्थिक व्यवस्थापनको प्रत्याभूतिले लगानीकर्तालाई प्रोत्साहित आर्थिक सुधारलाई गति दिन सक्नेछ । नकारात्मक पक्षको रुपमा भने निरन्तरको अनिश्चितताले लगानीकर्तालाई निरुत्साहित गर्नसक्ने पनि अनुमान गरिएको छ ।

विश्व बैंकको प्रतिवेदनबारे प्रतिक्रिया दिँदै अर्थमन्त्री रामेश्वरप्रसाद खनालले अर्थतन्त्र सुधार्ने प्रयास भइरहेको बताए । 'व्यावसायिक विश्वास पुनःस्थापना गर्न र पुनरुत्थानलाई गति दिन नेपाल सरकारले एकिकृत व्यावसायीक पुनरुत्थान योजना सार्वजनिक गरेको छ, जसअन्तर्गत अनुदान, कर छुट तथा सञ्चालन सहयोगलगायतका सुविधाको व्यवस्थापन गरेको छ ।'- खनालले भने । यससँगै निजी क्षेत्रका गतिविधिलाई सक्रिय पारिने उनको भनाइ छ । उनले भने-'पूर्वाधार पुनर्निमाण र चुनावी तयारीका लागि सार्वजनिक स्रोतलाई प्राथमिकता दिइएको छ, क्षतिग्रस्त सार्वजनिक तथा निजी सम्पत्ति पुनर्निर्माणका लागि पुनर्निमाण कोष खडा गरिएको छ, यी कदमहरूले बलियो अर्थतन्त्रको जग राख्दै निजी क्षेत्रको गतिविधिलाई पुनःस्थापना गर्ने नेपाल सरकारको लक्ष्य रहेको छ ।'

पुनरुत्थानका लागि आवश्यक तत्काल गतिविधिबाहेक प्रतिवेदनले दिगो आर्थिक वृद्धिका लागि सार्वजनिक लगानी व्यवस्थापनलाई बलियो बनाउनुपर्ने कुरामा जोड दिएको छ । सन् २०२४ मा संघीय, प्रादेशिक र स्थानीय सरकारको कुल पूँजीगत खर्च कुल ग्राहस्थ उत्पादनको ७.९ प्रतिशत थियो । यो नेपालको पूर्वाधार आवश्यकता पूरा गर्न आवश्यक लगानीभन्दा निकै कम हो । नेपालको पूर्वाधार आवश्यकता पूरा गर्नका लागि कुल ग्राहस्थ उत्पादनको १० देखि १५ प्रतिशत लगानी आवश्यक पर्छ ।

'नेपालको आर्थिक वृद्धिदर सुधार, रोजगारी सिर्जना तथा सम्पूर्ण नेपालीको समृद्धिका लागि सार्वजनिक लगानी बढाउनु निकै महत्त्वपूर्ण छ,' माल्दिभ्स, नेपाल र श्रीलङ्काका लागि विश्व बैंकका डिभिजन डाइरेक्टर डेभिड सिस्लेनले भनेका छन्-'यसका लागि केही मुख्य कामहरू कार्यान्वयन गर्नु आवश्यक छ, यसमा परियोजनाहरू निर्माण र बजेटिङको सुदृढीकरण गर्ने, जग्गा अधिग्रहण र रुख कटान जग्गा अधिग्रहण र रूख कटान प्रक्रियालाई सुव्यवस्थित गर्ने, रकम व्यवस्थापनलाई थप प्रभावकारी बनाउने, सार्वजनिक खरीद ऐन तथा नियमावलीमा संशोधन गर्नेलगायतका विषयलाई प्राथमिकता दिनुपर्ने देखिन्छ, यसले परियोजनाहरूलाई तिव्र रुपमा सम्पन्न गर्न मद्दत गर्नेछ ।'

नेपाल डेभलपमेन्ट अपडेट वर्षको दुई पटक सार्वजनिक हुने गर्छ । विगत लामो समयदेखि यस प्रतिवेदनले आर्थिक विकासको गहन अध्ययन तथा विश्लेषण गर्दै आएको छ ।

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रुपन्देही

स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध
सुन चाँदीबाट बनेका गर-गहनाको
एकमात्र विश्वासिलो पसल
विगत १५ वर्षदेखि
तपाईको सेवामा समर्पित
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै
खरिद विक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

# सम्पादकीय

## अवैध उत्खनन् र निकासीलाई रोक

नवलपरासी बर्दघाट सुस्ता पूर्वको सदरमुकाम नवलपुरमा भइरहेको पूर्वाधार निर्माणमा प्रयोग भएको ढुंगागिट्टीको प्रयोग गैरकानुनी ढंगले उत्खनन् भएको पाइएको छ। सरकारी कामकाजका लागि निर्माण व्यवसायीलाई गैरकानुनी उत्खनन्का लागि सघाउनु निन्दनीय छ।

सार्वजनिक क्षेत्र, खोलानाला र वन क्षेत्रबाट ढुंगागिट्टी उत्खनन् गर्दा विधिसम्मत प्रक्रिया पूरा नगरे जफत र जरिवानाको कानुनी व्यवस्था छ। चुरे क्षेत्रबाट उत्खनन्को लागि राष्ट्रपति चुरे तराई मधेश संरक्षण समितिको स्वीकृति आवश्यक छ। कुनै पालिकाभित्रबाट उत्खनन्को लागि पालिकाले ठेक्का आव्हान गरी प्रतिस्पर्धाबाट लिनुपर्छ वा कुनै तोकिएको कामका लागि स्थानीय प्रशासनको स्वीकृतिबाट पालिकाले निर्णय गर्न सक्छ। यी कामका लागि वातावरणीय प्रभाव मूल्याङ्कन आवश्यक पर्छ। यी प्रक्रिया इमान्दारीपूर्वक पालना हुने हो भने राज्यले पाउनले राजस्व गुम्दैन। वातावरणीय जोखिम न्यूनीकरणका लागि राज्यले विभिन्न नियम निर्देशिका बनाएको छ। ढुंगागिट्टी उत्खनन् र निकासीका लागि प्रदेश सरकारले कार्यविधि बनाएर कार्यान्वयनमा ल्याएको छ। तर कार्यविधिको पालनाप्रति राज्यका निकाय नै इमान्दार नभएपछि आम नागरिक कसरी इमान्दार हुन्छन् ?

कानुनको पालना नागरिक र सम्बद्ध संस्थाले मात्रै गर्ने होइन्। कानुनको पालना राज्यका निकायले पनि अनिवार्य गर्नुपर्छ। राज्यका निकाय इमान्दार हुँदा मात्रै नागरिकले राज्यले बनाएका नियम र निर्देशिका पालना गर्न इमान्दार हुन्छन्।

नवलपुरमा १ सय ८० विघा क्षेत्रफलमा ९ वटा विभिन्न कार्यालय भवनका साथै सभाहल, केरूङ्गे खोलामा तटबन्ध, सडक कालोपत्रेलगायतको काम हुँदैछ। अहिले भइरहेको कामको लागत ५ अर्ब २१ करोड रहेको छ। राज्यका निकायका भवन बनाउनका लागि ढुंगागिट्टी निकारीमा भइरहेको राजस्व छलीमा आँखा चिम्लिएको छ कि खुलेयाम सघाउ गरिएको छ ? यो अनुसन्धानको घेरामा छ। यो विषयमा प्रमुख जिल्ला अधिकारीले पहिले जवाफ दिनुपर्छ। सम्बन्धित पालिका पनि जवाफबाट बाहिर छैनन्। राज्यको राजस्व गुम्ने तर ठेकेदार पोस्ने क्रियाकलापमा संलग्नहरु कारबाहीको भागिदार हुन्। उनीहरु कारबाहीको दायरामा आउनैपर्छ। अवैध उत्खनन्ले राजस्वसँगै वातावरणीय जोखिम पनि छ। विधि र प्रक्रिया मिचेर भएको उत्खनन् र निकासी अनियन्त्रित हुनसक्छ। राजस्व छली र अनियन्त्रित उत्खनन्मा तत्काल लगाम लगाऊ। विधि र प्रक्रिया अनुसार उत्खनन् र निकासी गर।

# ताप्केको माछा भुंग्रामा



विन बहादुर कुँवर

*कुनै देश जनताको हक हित र परिवर्तनको लागि हुँदै होइन। कांग्रेसी र पुराना पञ्चे मण्डलेहरुसित त चुनावी एकता गर्ने यिनीहरुका लागि वाम एकता हुनु र नहुनुको कुनै अर्थ नै छैन। यिनीहरुले जे गर्दा पनि हुन्छ। सर्वाङ्ग नाङ्गिएकालाई के को लाज श्रम अनि के को राजनीतिक विचार-सिद्धान्त र नीति कार्यक्रम ? बरु सच्चा वामपन्थी कम्युनिष्ट क्रान्तिकारीहरु सबैले क्रान्तिकारी कम्युनिष्ट पार्टी पुनर्निर्माणको लागि सोचौं।*

नेपाल कम्युनिष्ट पार्टीको स्थापना कालदेखि नै यस्तै अनेक खाले विवाद, षडयन्त्र, जालसाझी र खुराफाती हुँदै आएको छ। नेकपाकै स्थापना दिनकै विवाद छ। त्यस्तै संस्थापक नेताहरुकै बिचमा पनि विवाद छ। यो त भयो विवाद स्थापना दिन र संस्थापक नेताहरुको बारेमा। तर २००८ सालपछि भयो विवाद नेतृत्व निर्माणकै लागि।

नेकपाको पहिलो महाधिवेशन संस्थापक नेता क. पुष्पलालकै नेतृत्वमा आयोजना भयो र त्यसको मूल नीति कार्यक्रम सबै उनकै पारितन भयो। तर त्यसको नेतृत्व महाधिवेशनमा मनमोहन अधिकारीलाई सुम्पियो। पार्टीको विचार-सिद्धान्त-नीति कार्यक्रम सबै क. पुष्पलालको तर त्यसको कार्यान्वयन गराउने र लागू गर्ने जिम्मा फेरि मनमोहनको भयो। हो यही नेरबाट नेकपामा षड्यन्त्र र गुटबन्दीको थालनी भयो। त्यति बेला पुष्पलालमाथि अनेक थरी आरोप प्रत्यारोप लगाउने काम भयो। पुष्पलालमाथि पहिलो आरोप थियो- कांग्रेसी पृष्ठभूमिको, कम शैक्षिक योग्यता अनि जातीयता अर्थात् श्रेष्ठ-नेवार जनजातिको भन्ने। राजा-दरबारीया कालमा राजनीति गर्ने प्रमुख जिम्मेवारी बाहुन-क्षेत्री-ठकुरीमा बढी केन्द्रित थियो। त्यस्तै कुनै न कुनै रुपमा वर्गीयता नै नभनिएता पनि शैक्षिक र उपल्लो खानदानीपनको वर्चस्व त्यहाँ देखिएको थियो।

त्यसपछि पार्टीमा क्रमशः वर्गीय दृष्टिकोणमै अनि राजनीतिक रुपमा नै भिन्नता बढ्दै गइरहेको थियो। पार्टीको क्रान्तिकारी जुझारुपनमा ह्रास हुँदै क्रमशः समन्वयकारी सम्झौता परस्त रुझान बढ्दै अन्ततः पार्टीमाथिको प्रतिबन्ध हटाउने नाममा तत्कालीन पार्टी महासचिव मनमोहन अधिकारीले राजतन्त्रलाई स्वीकार्दै पार्टीलाई पहिलो पटक दक्षिणपन्थी अवसरवादमा पतन गराए। त्यसैको जगमा पछि डा. केशर जंग रायमाझीले पार्टीलाई दरबारिया पार्टीमा रुपान्तरण गराए। २०१७ सालपछि नेकपा एक प्रकारले छिन्नभिन्न जस्तै बन्न गयो। कोही नेता-कार्यकर्ता भूमिगत भने केही नेता-कार्यकर्ता गिरफ्तार पछि जेल-नेलमा राखिए।

यसरी २०१७ सालदेखि नै नेकपामा टुटफुट, गुटबन्दी र गद्दारीको थालनी भयो। दोस्रो महाधिवेशनका महामन्त्री रायमाझी दरबार परस्त गद्दार बने भने तेस्रो महाधिवेशनका महामन्त्री तुल्सीलाल अमात्य रुसी सामाजिक साम्राराज्यवादका अनुयायी बने। तर यी दुवैका विरुद्ध क. पुष्पलालले २०२४ सालमा पार्टीको पुनर्निर्माण थालनी गरे। त्यस्तै २०२७ सालमा मोहन विक्रम, निर्मल लामाले नेकपा पार्टीको केन्द्रीय न्यूक्लियस बनाए भने २०२८ सालमा झापा विद्रोहीहरुले नेकपा को.के. बनाए। यी तिनवटै समूह घटकमा आपसी एकता, सहकार्यभन्दा बढी हानथाप, गाली गलौज यतिसम्मकि एकले अर्कालाई गद्दार, दलाल आदि आरोप प्रत्यारोप लगाउँदै अघि बढे। गद्दार पुष्पलाल, उग्रवामपन्थी भडकाव नामका ठूलठूला ग्रन्थहरु पनि लेखिए।

पछि यो विरासदलाई एकातिर झापा विद्रोहको जगमा बनेको नेकपा (माले) र नेकपा (चौ.म.) को जगमा बनेको मसाल-चौ.म.ले अघि बढाउने काम गरे। यी दुई दलहरुको पुरानो विरासदलाई अहिले एकातिर नेकपा (एमाले) र अर्कोतिर मसाल-माओवादीले अगाडि बढाउँदै आएका छन्। यी दलहरुमध्ये मुख्त त एमाले र माओवादीबिचमा ठूलो प्रतिस्पर्धा छ। एमालेका केपी ओली अनि माओवादी केन्द्रका पुष्पकमल दाहाल प्रचण्डबीच नै यसमा बढी प्रतिस्पर्धा भइरहेको छ। एकले अर्कालाई जे भन्दा र जे गर्दा नङ्गाउन सकिन्छ त्यो सब गरिरहेका छन्। यी दुईबिच पटक-पटक एकता अनि फुट हुने गरेको छ। जुन निरपेक्ष एकता अनि मिलाप फेरि त्यस्तै निरपेक्ष फुट र विभाजन हुने गरेको छ। जे होस् यी दुवैले एकले अर्कालाई जसरी आरोप प्रत्यारोप गर्ने गरेका छन्। वास्तवमा यी दुवै समान अवसरवादी छट्टु, फटाहा, धोकेवाज आदि नै हुन्। कागले आफ्नो नाम आफैं बोले जस्तै दुवै समान यस्तै नै हुन्।

तैपनि जान अनजान केही अलग भएका विभिन्न व्यक्ति समूह यी दुवै दलमा प्रवेश गरिरहेका छन्। यतिसम्मकि हिजो यी दुवैलाई नङ्गाउँदै अलग भई बसेका जस्तो उदाहरण एमालेकी रामकुमारी झाँक्री अनि माओवादीका गोपाल किराँती जस्ता मान्छेहरु पनि फेरि ओली र प्रचण्डकै गुनगान गाई पार्टी प्रवेश गरिसकेका छन्। उनीहरुकै भाषामा हिजोका फटाहा, डाँका र अपराधी यी दुई ओली प्रचण्ड अहिले बडो इमान्दार, निरपराध र साँधु भइसकेका भनी यी दुवैको बखान गर्दै पार्टी प्रवेश गरिरहेका छन्। आखिर यी सबै एउटै काले काले मिलेर खाऊ भाले भने जस्तै मिलिखान, लुट्नका लागि एक भएका छन्। अवसरवादको पनि एउटा हद हुन्छ, तर यी सबैमा अवसरवादको पनि एउटा चरम पराकाष्टा लाज श्रम केही नभएका नाङ्गै बुङ्गै हिंडेको पनि पत्तो नपाउने यी कस्ता अवसरवादी ? नाम लिंदा पनि घीन लागेर आउँछ।

केही मान्छेहरु हिजो ओली फटाहा, प्रचण्ड फटाहा भनी अलग भई बसे। बडो क्रान्तिका र राष्ट्रवादका चर्का चर्का आवाज उठाउँदै हिंडे। तर, आज फेरि घुम्दै फिर्दै कोही ओली कहाँ र कोही प्रचण्ड कहाँ ओत लाग्न आइपुगेका छन्। एउटा उदाहरण पूर्व एमाले नेता भीम रावल प्रचण्डको शरणमा आइपुगेका छन्। एमाले ओलीले किक हानी लडाई बाहिरिएका भीम रावलले लामो समयसम्म अझै पनि ओलीबाट केही झर्लाा र खाउँला भनी पर्खी बसिरहे। तर जे गर्दा पनि केही सीप नलागेपछि अन्ततः एउटा अभियानको नाममा एक वर्षदेखि देश दौडाहा गर्दै थिए। कालापानीका सुस्ता महेशपुर अनि अमेरिकी परियोजना एमसीसी र भ्रष्टाचारीका विरुद्ध चर्का चर्का कुरा उठाउँदै आएका भीम रावल अन्ततः तिनै महाकाली नदी सम्झौताका नाइके र भ्रष्टाचारी त्यस्तै एमसीसी परियोजनालाई सदनबाट पारित गराई छाडेका प्रचण्ड अनि माधवकुमार नेपालकै ओत लाग्न आइपुगेका छन्। अब फेरि कुन नाकले ओलीको विरोध गर्ने अनि कुन नाकले महाकाली, कालापानी सुस्ता, महेशपुर, एमसीसी र भ्रष्टाचारको विरोध गर्ने ? ताप्केको माछो भुंग्रामा भनेको यही हो।

कतिपयले प्रचण्डको यो पार्टी एकीकरणलाई माओवाद परित्याग गरेको भन्दै विरोध गरिरहेका छन्। वास्तवमा प्रचण्डले माओवाद मात्र होइन मार्क्सवाद-लेनिनवादलाई नै धेरै पहिलेदेखि नै परित्याग गरिसकेका थिए। पार्टीको नाममा माओवाद त खाली एउटा टेडमार्क मात्रै भएको थियो। यसभन्दा पहिले भएको एमाले-माओवादीबिचको पार्टी एकतामा नै प्रचण्डले त्यसलाई परित्याग गरिसकेका थिए। प्रचण्डले माओवाद भने ओलीले जनताको बहुदलीय जनवाद छोडी एकता गरेका थिए। यी दुवै अवसरवादी, षड्यन्त्रकारीहरुका लागि के को राजनीतिक विचार, सिद्धान्त चाहिन्छ र ? दुवै अवसरवादी ताक परे तिवारी नत्र गोतामे। खाली पद, प्रतिष्ठा र कुर्सीकै लागि मरिहत्ते गर्ने यी अवसरवादी छट्टुहरुले यो छोडे र उ छोडे भन्नु नै बेकार छ।

अन्त्यमा यी दुवै अवसरवादीहरुको यसरी बढी चर्चा गरिरहनुभन्दा उचित एउटा सच्चा क्रान्तिकारी कम्युनिष्ट पार्टी पुनर्निर्माणका लागि चर्चा गर्दा राम्रो हुनेछ। दुवै एमाले वा हालै निर्मित प्रचण्ड नेतृत्वको नेकपाबिचको यो पार्टी द्वन्द्व र एकताले आम जनता र क्रान्तिकारीहरुलाई राम्रो पाठ सिकाएको छ। यसरी अवसरवादी जति नाङ्गिदै जान्छन् त्यति त्यति क्रान्तिको लागि उपयुक्त वातावरण हुँदै जान्छ। यी दुवैको द्वन्द्व र एकता खाली संसदीय निर्वाचनका लागि मात्र हो। कुनै देश जनताको हक हित र परिवर्तनको लागि हुँदै होइन। कांग्रेसी र पुराना पञ्चे मण्डलेहरुसित त चुनावी एकता गर्ने यिनीहरुका लागि वाम एकता हुनु र नहुनुको कुनै अर्थ नै छैन। यिनीहरुले जे गर्दा पनि हुन्छ। सर्वाङ्ग नाङ्गिएकालाई के को लाज श्रम अनि के को राजनीतिक विचार-सिद्धान्त र नीति कार्यक्रम ? बरु सच्चा वामपन्थी कम्युनिष्ट क्रान्तिकारीहरु सबैले क्रान्तिकारी कम्युनिष्ट पार्टी पुनर्निर्माणको लागि सोचौं।

# नेपालमा नर्सिङः चुनौती र सुधारको बाटो

अर्चना बगाले



नेपालको स्वास्थ्य प्रणालीको मेरुदण्ड नर्सिङ हो। देशभरिका नर्सहरू आफ्नो जीवन समर्पित गर्दै बिरामीको हेरचाह गर्छन्। उनीहरूको मेहनत र समर्पण अतुलनीय छ। तर, अस्पताल र शिक्षण क्षेत्रमा देखिने कठिन कार्यसंस्कृति, कम तलब, वरिष्ठ-कनिष्ठ झगडा, मार्गदर्शनको कमी र ईर्ष्याले नर्सिङ पेशालाई चुनौतीपूर्ण बनाएको छ।

यसले धेरै दक्ष नर्सहरूलाई विदेश जान प्रेरित गरेको छ, र यसले स्वास्थ्य सेवा प्रणालीमा दीर्घकालीन असर पारिरहेको छ।

**अस्पतालमा कार्य संस्कृति**

धेरै अस्पतालमा वरिष्ठ-कनिष्ठ पदानुक्रम कडा छ। नयाँ नर्सलाई व्यवस्थित मेन्टरसिप र प्रशिक्षण कम पाइन्छ। पदोन्नति वा मान्यता प्रायः व्यक्तिगत सम्बन्ध र निष्ठामा भर पर्छ। यसले वरिष्ठ र कनिष्ठीबच ईर्ष्या र मनोबल घटाउने व्यवहार उत्पन्न गर्छ।

नर्सहरूले ठूलो जिम्मेवारी बहन गर्छन् (बिरामीको हेरचाह, आपतकालीन व्यवस्थापन, रिपोर्टिङ) तर तलब कम पाइन्छ। निजी अस्पतालमा तलब कम छ भने सरकारी अस्पतालमा स्थिरता भए पनि बढुवा सीमित छ। यस्तो वातावरणले नर्सहरूको कामको उत्साह घटाउँछ, सहकार्य कमजोर बनाउँछ, र दक्षता कम गर्छ।

**एकेडेमिक नर्सिङमा चुनौतीहरू**

समस्याहरू केवल अस्पतालमा सीमित छैनन्। नर्सिङ शिक्षण क्षेत्रमा पनि वरिष्ठ-कनिष्ठ झगडा र ईर्ष्याको प्रभाव देखिन्छ। शिक्षक र ट्युटरहरूले एकेडेमिक वातावरणमा सहकार्यभन्दा हाइरार्की र शक्ति प्रदर्शनमा बढी ध्यान दिन्छन्।

- नयाँ शिक्षक वा ट्युटरले सही मेन्टरसिप नपाउँदा नयाँ विधि, अनुसन्धान र नवप्रवर्तन सिक्न कठिनाई हुन्छ।
- आधुनिक शिक्षण पद्धति र अन्तर्राष्ट्रिय अभ्यासको पहुँच कम हुँदा शिक्षा गुणस्तर घट्छ।
- ईर्ष्या र जष्भचबचअजथ ले शिक्षक र विद्यार्थी दुवैको काममा बाधा पुऱ्याउँछ।

यसले केवल शिक्षकहरूको मात्र होइन, विद्यार्थीहरूको पनि भविष्य प्रभावित गर्छ।

**ब्रेन ड्रेन र कारणहरू**

नर्सहरूले विदेश जानुको मुख्य कारण केवल कम तलब मात्र होइन। सम्मान र अवसरको कमी, अत्यधिक कामको दबाब, र विदेशमा उच्च मागले उनीहरूलाई आकर्षित गर्छ। यदि यो समस्या निरन्तर रह्यो भने नेपालमा अनुभवी नर्सको कमी हुनेछ, जसले स्वास्थ्य सेवा प्रणाली कमजोर बनाउँछ।

**सुधारका उपायहरू**

**अस्पतालस्तरमाः**

- वरिष्ठ नर्सहरूले कनिष्ठ नर्सलाई मेन्टरसिप दिने।
- कार्यस्थलमा सुरक्षा र दुर्व्यवहारविरुद्ध नीति लागू गर्ने।
- कामको उचित मूल्याङ्कन र तलब/प्रोत्साहन।
- हाइरार्की कम गरेर सहकार्य र टीमवर्क प्रोत्साहन गर्ने।
- योग्यताअनुसार पुरस्कार र बढुवा।

**शैक्षिक क्षेत्रमा**

- वरिष्ठ शिक्षकले कनिष्ठ शिक्षकलाई मेन्टरसिप दिने।
- आधुनिक शिक्षण पद्धति, अनुसन्धान र नेतृत्व प्रशिक्षण।
- खुला छलफल र नयाँ विचारलाई प्रोत्साहन।
- अन्तर्राष्ट्रिय अनुभव र सहयोग।

**ब्रेन ड्रेन रोक्ने उपायः**

- योग्यता अनुसार वा तलब र स्पष्ट बढुवा पथ।
- निरन्तर शिक्षा र तालिम।
- विदेश अनुभवपछि घर फर्केर नेतृत्व भूमिका।
- सहयोगी पेशागत समुदाय र मेन्टरसिप।

नेपालमा नर्सिङ अब परिवर्तनको मोडमा छ। अस्पताल र शिक्षण दुवै क्षेत्रमा सुधार आवश्यक छ। नर्सहरूले समर्पण र मेहनत देखाइरहेका छन्, तर उनीहरूलाई सम्मान, सुरक्षा र उचित तलब चाहिन्छ।

यदि सुधार भयो भने नेपालले दक्ष, जिम्मेवार, र प्रेरित नर्सहरू तयार पार्न सक्छ। यसले स्वास्थ्य सेवा गुणस्तर सुधार्न मात्र नभई नर्सिङ पेशामा स्थायित्व र आत्मसन्तुष्टि पनि ल्याउँछ।

स्वास्थ्य खबरबाट

**छैन...**

७७ जिल्लामा नै चाप बढेकाले सर्भरमा समस्या भएको कार्यालयको भनाइ छ। यसबिच पनि रुपन्देहीमा ३ वटा डेस्क राखेर दैनिक करिब १ हजार जनालाई सेवा दिइरहेको कार्यालयले जनाएको छ।

'७७ जिल्लामै अनलाइनमा धेरै आवेदन आएको छ।

सर्भरले धान्न सकेको छैन। क्षमताभन्दा बढी भएर समस्या आएको हो। पहिलो जिल्लाकै निर्वाचन कर्यालयमा गएर नाम दर्ता गराउन सकिन्छ। तर बाहिर जिल्लाका पनि कार्यालयमा आएकाले भिड बढी भएको छ।

सफ्ट्वेयर राम्रोसँग चल्ने हो भने धेरै गर्न सकिन्छ।

बिहान ८ बजेदेखि साँझ ६ बजेसम्म सेवा दिइरहेका कार्यालयले बुधबारदेखि १२ घण्टा सेवा दिएको हो। साँझ ७ बजेसम्म भए पनि लाइनमा बसेकालाई सेवा दिइरहेको कार्यालयले जनाएको छ।

समस्याकाबिच पनि सेवाग्राही मतदाता नामावलीमा नाम दर्ता गराउन उत्साहित भएको देखिन्छ। नामावली दर्तामा अधिकांश जेनजी समूहका रहेका छन्। मताधिकारका लागि उमेर पुगे पनि नामावली दर्ता नगराएहरु पनि अहिले दर्ताको लागि आएका छन्।

'पहिलो पटक मदतान गर्न आतुर छौं। सोचेर, बुझेर राम्रो लिडरलाई चुन्नुपर्छ।'- लाइनमा बसेकाका युवाहरुको भनाइ छ।

असोज १२ गतेदेखि सुरु भएको मतदाता नामावली दर्ता तथा अद्यावधिक ३० कात्तिकसम्म हुन्छ।

१६ वर्ष उमेर पूरा भएका नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त नागरिकले प्रदेश निर्वाचन कार्यालय तथा जिल्ला निर्वाचन कार्यालयमा नाम दर्ता गर्न सक्छन्।

निर्वाचन आयोगले सक्कल नागरिकताको प्रमाणपत्रले मात्र नाम दर्ता गर्न मिल्ने कानुनी व्यवस्था गरेको छ।

आयोगको बेवसाइटमा प्रि-रजिष्ट्रेसन प्रणालीबाट आवेदन भरेर प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयहरूमा जैविक विवरण उपलब्ध गराउनुपर्नेछ। विवाह भएर अन्यत्र गएका, बसाइँसराइ गरेका मतदाताले ठाउँसारी गर्न सक्नेछन्। नाम तथा अन्य विवरणमा त्रुटि भएमा सच्याउन पनि सकिने छ।

रुपन्देहीका हाल ५ वटा निर्वाचन क्षेत्र छ। कार्यालयको वेभसाइटको तथ्याङ्क अनुसार जिल्लाको कुल मतदाता ६ लाख ४३ हजार ८ सय ७४ रहेको छ।

# उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेड
# Unnati Sahakarya Laghubitta Bittiya Sanstha Limited

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था

केन्द्रीय कार्यालय, सि.न.पा.-१२, रुपन्देही फोन नं.०७१-५७११२६, ०७१-५७११२८ फ्याक्स नं.०७१-५७११२७

## Unaudited Condensed Statement of Financial Position (As per NFRS)

As on Quarter Ended 31st Ashwin 2082

Nrs.

| Particulars | The Quarter Ending | Immediate Previous Year Ending |
|---|---|---|
| Assets | | |
| Cash & cash equivalents | 76,278,751.64 | 104,050,253.53 |
| Statutory balances and due from Nepal Rastra Bank | 21,090,000.00 | 36,090,000.00 |
| Placement with Bank & Financial Institutions | 40,000,000.00 | 40,000,000.00 |
| Derivative Financial Institutions | - | - |
| Other Trading Assets | - | - |
| Loans and Advances to MFIs & Cooperatives | - | - |
| Loan & Advances to Customers | 3,760,039,998.30 | 3,761,927,455.35 |
| Investment Securities | 1,000,000.00 | 1,000,000.00 |
| Current Tax Assets | - | - |
| Investment Property | - | - |
| Property and Equipment | 32,027,026.04 | 31,962,890.82 |
| Goodwill and Intangible Assets | - | - |
| Deferred Tax Assets | 11,592,826.49 | 11,592,826.49 |
| Other Assets | 158,574,527.57 | 63,094,740.76 |
| Total Assets | 4,100,603,130.04 | 4,049,718,166.95 |
| Liabilities | | |
| Due to Bank and Financial Institutions | - | - |
| Due to Nepal Rastra Bank | - | - |
| Derivative Financial Instruments | - | - |
| Deposits from Customers | 1,201,004,204.12 | 1,209,592,604.62 |
| Borrowings | 2,310,489,568.45 | 2,354,284,400.20 |
| Current Tax Liabilities | 1,837,129.94 | 11,393,641.96 |
| Provisions | - | - |
| Deferred Tax Liabilities | - | |
| Other Liabilities | 217,103,467.66 | 108,565,396.81 |
| Debt Securities Issued | - | - |
| Subordinated Liabilities | - | - |
